# जलेश्वर नगरपालिकाको लैगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ (मिति २०८२/१०/२२ गते अद्यावधिक गरिएको)

## लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### १ परिचय

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता, अपाङगता र सामाजिक समावेशीकरण (लैसअसास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ। साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३१ को उपधारा (३) मा अपाङगता भएका नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुने, उपधारा (४) मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने, धारा ३८ मा महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। धारा ३९ को उपधारा (९) मा अपाङगता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने व्यवस्था छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ। संविधानको धारा ४२ मा उल्लेखित सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने व्यवस्था उल्लेख गरिएको छ। सो ऐनले लैसअसास सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत् जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन (दफा ११ को उपदफा (२) को खण्ड त), वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको (दफा १२ को उपदफा (२) को खण्ड ग को ३०), विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्द्रता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता

तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था; योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ । यसका साथै लैसअसासका सवालहरूलाई सम्वोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । यसै क्रममा राष्ट्रिय लैंगिक समानता नीति, २०७७, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०८०, अपाङगता भएका व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०८० को कार्यान्वयनमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहने व्यवस्था छ ।

लैसअसास सम्बन्धी नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु समेत छन् । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९, अपाङगता भएका व्यक्तिहरु सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ लगायतले नेपाललाई लैसअसासका क्षेत्रमा ठोस कार्य गर्न दायित्व सृजना गरेका छन् । अर्कोतर्फ, संयुक्त राष्ट संघीय दिगो विकास लक्ष्य (सन् २०१६ देखि २०३०) हरुले महिला, बालबालिका, अपाङगता भएका व्यक्तिहरु, यौनिक तथा लैगिक अल्पसंख्यक, पछाडी पारिएका समुदाय (मधेसी, दलित, आदिवासी जानजाती, मुस्लिम लगायत) का आवश्यकताहरुलाई सम्वाधन गर्ने उद्धेश्य राखेका छन् ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता , अपाङगता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता, अपाङगता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो "लैङ्गिक समानता, अपाङगता तथा सामाजिक समावेशीकरण रणनीति" तर्जुमा गरिएको छ ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न अहिले म कहाँ छु ? दोश्रो, अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष्य र अपेक्षित उपलव्धीको निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउँछ । यस जलेश्वर नगरपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरुबाट हुने कार्यक्रमहरुले आ-आफ्नो ढंगबाट लैङ्गिक समानता, अपाङगत तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजनाका लागि समेत मार्गदर्शन हुने गरी यस जलेश्वर नगरपालिकाको लैङ्गिक समानता अपाङगता तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएको छ । यो रणनीतिका प्रमुख उपयोगकर्ताहरु जलेश्वर नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गैह्रसरकारी संघ संस्थाहरु हुनेछन् ।

## १.१ जलेश्वर नगरपालिकाको परिचय

जलेश्वर नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ का अनुसार कुल ५६३० घरधुरी, ६९२१ परिवारमा कुल जनसख्या ६३५०१ जसमा पुरुष ३१,६२० र महिला ३१,८८१ छन । यौनिक तथा लैगिक अल्संख्यकको यकिन तथ्यांक छैन । अल्पसंख्यकको रुपमा डोम, चमार, धोवी, हजाम, सोनार, वैठा, धुनिया, भेरिहर, पासवान, थारु, हलुवाई र मलाहहरु रहेका छन् । जातियताको दृष्टिकोणबाट हेर्दा यस नगरपालिकामा धानुक (मण्डल) जातीको वाहुल्यता छ त्यसपछि दोश्रोमा सुडी तथा तेश्रोमा मुस्लिम रहेका छन।

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

नगर पार्श्वचित्र २०७७ अनुसार, ३३४३ घरधुरीहरु अति गरीव मा पर्दछन् जसमा बढी मात्रामा चमार, मुसहर, मण्डल, सोनार, कलवार, हजाम, वडई, लोहार, तत्मा, तेली, मुस्लिम, नुनीया, धुनिया, हजाम, खत्वे, धोबी, धुनीया डोमहरु पर्दछन् र उनिहरु ज्याला मजदुरी गर्दछन्, जसको घरघडेरी छैन, साहुमहाजन वा सार्वजनिक जग्गामा वसोवास गर्दछन् अनि उनिहरु शिक्षा र चेतनाबाट समेत टाढा छन । सीप भएकाहरु पनि पुंजिको अभावमा आफ्नो सीपको उचित प्रयोगका लागि अवसर पाएका छैनन । १ वटा जिल्ला अस्पताल, ६ वटा स्वास्थ्य चौकी र ३ वटा सहरी स्वास्थ्य केन्द्र, संस्थागतक्लीनिक १, जनस्वास्थ्य प्रयोगशाला १, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, वर्थिङ सेन्टर १ लगायत केहि निजि स्वास्थ्य संस्थाहरुले पनि सेवा दिदै आईरहेका छन् । यस नगरपालिकामा १ वटा नमुना मा.वि., ९ वटा मा.वि र १९वटा आधारभुत विद्यालय र १५ वटा मदरसा रहेका छन र साक्षरता दर ६७.६ प्रतिशत रहेको छ । शिक्षा र चेतनाको अभावले गर्दा परम्परागत रुढीवादी मुल्य मान्यता कायमै रहेको छ । त्यसैगरी गरीव, दलित, विपन्न, मुस्लिम समुदायमा बाल विवाह र अनमेल विवाहको प्रचलन अद्यापि विद्यमान छ ।

यस नगरपालिकामा सामाजिक सम्पत्तिमा जातिय हिसावले सवैको प्रतिनिधित्व भएको देखिए पनि महिलाहरुको भने सहभागिता न्युन देखिएको छ । शिक्षा, जनचेतना र समाजिक मूल्य मान्यताको कारण महिलाहरु पछाडि परेका छन् । राज्य शक्तिमा सबै जातजातिको पुरुषहरूको पहुँच छ तर महिलाको पहुँच कम मात्रामा छ । अन्य जातिहरुको तुलनामा पारिवारिक निर्णय प्रक्रियामा पुरुष जनजातीको बाहुल्यता छ ।

## १.२ रणनीति तयारीको उद्देश्य

लैङ्गिक समानता, अपाङगता तथा सामाजिक समावेशीकरण रणनीतिको माध्यमबाट नगरपालिकाले तर्जुमा गर्ने नीति, कानून तथा योजना,संस्थागत संरचना, मानव संशाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पछाडी पारिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी लोकतन्तत्रलाई संस्थागत गर्दै सामाजिक न्याय कायम गर्नुका साथै राज्यका सबै संयन्त्रहरूमा सम्पूर्ण तह वा वर्गका नागरिकको समतामुलक पँहुच स्थापित गर्नु लैङ्गिक समानता अपाङगता तथा सामाजिक समावेशीकरण रणनीति तयारीको मुख्य उद्देश्य रहेको छ ।

**यस रणनीति तयारीका अन्य उद्देश्यहरु निम्न लिखित रहेका छन् :-**

(क) नगरपालिकामा लैसअसास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।

(ख) नगरपालिकाको योजना तर्जुमा प्रकृयालाई लैसअसासमैत्री बनाउने ।

(ग) नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैसअसास उत्तरदायी बनाउने ।

(घ) नगरपालिकाको नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पछाडी पारिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(ङ) सरोकारवालाहरु बिच लैसअसासको बुझाईमा एकरुपता कायम गर्न र लैसअसास सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने ।

(च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैसअसास सम्बन्धमा गरिएका प्रतिवद्धताहरु, कार्य योजनाहरु तथा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सहयोग गर्ने ।

(छ) लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने ।

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

१.३ लैसअसास परिभाषा - मुख्य शव्दावलीहरु

(क) "अपाङ्गता भएका व्यक्ति " भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

(ख) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले जलेश्वर नगरपालिका सम्झनु पर्छ।

(घ) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धि कार्यको लागि तयार गरिएको नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, विषयगत क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ।

(ङ) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू तथा पिछडा वर्ग एवम नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम समुदाय सम्झनु पर्छ।

(च) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुष वीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

(छ) "लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट" भन्नाले महिला, विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बालवालीका तथा ज्येष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्वोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रम सम्झनु पर्छ। यसले सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेतलाई जनाउँछ।

(ज) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूहलाई थप अवसर दिएर व्यवहारमा समानता निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।

(झ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

सुरेश साह सोनार
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

(ञ) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, अपांगता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनाबद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

(ट) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामो महिला तथा बञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(ठ) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

(ड) "लैङ्गिक प्रभाव विश्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम पुरुष कति लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ढ) "वञ्चित समुह" भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

(ण) "सिमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट बञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सिमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

(त) "सशक्तीकरण" भन्नाले विकासका अवसरहरुबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

(थ) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

२. नगरपालिकामा लैसअसासको अवस्था र सन्दर्भ विश्लेषण

सुरेश साह सोनार
नगर प्रमुख

## २.१ नगरपालिकाको लैसअसासको अवस्था

जलेश्वर नगरपालिकाले विगत वर्ष देखि नै समुदायमा पछाडी पारिएका वा परेका समुदायहरु जस्तै मुस्लिम, दलित, आदिवासी जनजाती, पिछडा वर्ग, सिमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित महिलाहरु लगायतलाई विकासको समग्र प्रकृयामा मुलप्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ । जलेश्वर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैसअसासलाई प्रवर्द्दन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गरेको छ । महिला, घरेलु तथा अन्य हिंसा न्यूनीकरण गर्न विशेष संरक्षणको आवश्यकता भएका हिंसा पिडित महिलाको उद्धार र संरक्षण गरेको छ।वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने गरेको छ । साथै आर्थिक रुपले विपन्न लगायत नागरिकको संरक्षण, सशक्तीकरण, सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन् ।

नगरपालिकामा महिलाको सामाजिक, आर्थिक तथा शारीरिक विकासको लागि नेतृत्व क्षमता विकास तालिम, कानूनी सचेतता कार्यक्रम, विविध दिवसहरु मनाउने गरेको छ । समुदाय स्तरमा गठन हुने समिति उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चितता गरिएको छ । प्रजनन स्वस्थ्य तथा पोषण कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् । जातिय हिसावले विविधता रहेको सबै आदिवासी जनजाति, दलित लगायत अन्य जातजातिको मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै आएको छ । नगरपालिका भित्र रहेका विपन्न तथा गरिब परिवारको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि नगरपालिकाले विभिन्न सीप विकास तथा आयआर्जनका कार्यक्रमहरु गर्दै आएका छन।महिला उधमशिलता विकासको लागि सीपमूलक तालिम संचालन गरिएको छ । त्यस्तै जेष्ठ नागरिकको सम्मान र अवश्यक सहयोग कार्यक्रमहरु पनि गरिएको छ ।

## २.२ लक्षित वर्ग नक्साङ्कन

जलेश्वर नगरपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समूहसंगको छलफल र अन्तरकृयावाट यस नगर पालिकाको लक्षित समुदाय र लैसअसाससँग सम्वन्धित सवालहरु निम्न रहेका छन।

| क.स | लक्षित वर्गको प्राथमिकिकरण | समस्या/ तथा सवाल |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्ति<br>• पूर्ण अपाङ्ग १९१ जना (म. र पु. )<br>• अति असक्त २६३ जना (म. र पु.)<br>कुल जनसंख्या-४५४ | • अपाङ्गता मैत्री भौतीक संरचना नहुनु<br>• क्षमता अनुसारको रोजगारीका अवसरहरुको अभाव<br>• पूर्ण अपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाह तथा स्याहार गर्नुपर्ने हुँदा परिवारको सदस्य व्यस्त भइ आर्यआर्जन गर्न कठिनाई<br>• सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु |
| २. | मधेसी महिला | • आयआर्जनको स्रोतमा न्युन पहुँच तथा नियन्त्रण<br>• घरेलु तथा लैङ्गिक हिंसा<br>• निर्णायक तहमा न्युन सहभागिता |

हरिरा साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | • जनचेतनाको अभाव<br>• प्रजनन् स्वस्थ्यमा समस्या<br>• समाजिक विभेद |
| ३. | मुस्लिम समुदायका महिला | • पारिवारिक तथा समुदाय स्तरको निर्णायक तहमा न्युन सहभागिता<br>• घरेलु हिंसा<br>• शिक्षामा न्यून पहुँच<br>• बाल विबाह, वहु विवाह, जनचेतनाको अभाव |
| ४. | दलित समुदाय | • आर्थिक अभाव, गरिबी<br>• स्रोत र साधनमा न्युन पहुँच<br>• निर्णय प्रकृयामा न्युन सहभागिता<br>• बेरोजगारी<br>• सुचनाको अभाव<br>• शिक्षमा न्यून पहुँच साथै बालबालिकामा विद्यालय छोड्ने समस्या<br>• जनचेतनाको अभाव<br>• सामाजिक विभेद |
| ५. | बिपन्न वर्ग | • गरिव तथा आर्थिक अभाव<br>• बसाईको स्थायीत्व नहुने<br>• बालबालिका विद्यालय जना बाट वञ्चित<br>• लैङ्गिक हिंसा<br>• बैदेशिक रोजगारी, पशुपालन, खेतबटाई<br>• सरसफाई तथा फोहोर मैला व्यवस्थापन |
| ६. | जेष्ठ नागरीक, एकल महिला र अशक्त | • पारिवारीक बोझको सामना<br>• स्वस्थ्य परिक्षणमा समस्या<br>• एक्लोपन<br>• नैरास्यता |
| ७. | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | • पहिचानमा समस्या<br>• सामाजिक विभेद<br>• आर्थिक अभाव |

## २.३ सरोकारवालाहरुको भूमिका विश्लेषण

लैसअसासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरू नै मुख्य

सुरेश साह सोनार
नगर प्रमुख

मनोहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनोहर महोत्तरी
मधेश प्रदेश, नेपाल

सरोकारवाला हुन् । नगरपालिका क्षेत्रमा लैसअसास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्न बमोजिमका सरोकारवालाहरू रहेका छन् :-

| क्र.स | लैसअसासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला | लैसअसास मुलप्रवाहीकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य |
|---|---|---|
| १ | जलेश्वर नगरपालिका | • लैसअसास सम्बन्धी नीति, रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने<br>• लैसअसासको लागि आवश्यक बजेट बिनियोजन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने । |
| २. | लैसअसास कार्यन्वयन समिति | • नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, योजना र अन्य प्रकाशीत दस्तावेजमा लैसअसासको विषयबस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्ने ।<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैसअसासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने ।<br>• लैसअसास सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरी लागु गराउने ।<br>• लैसअसास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने । |
| ३. | न्यायिक समिति | • नगरपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा मेलमिलाप वा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धीत निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| ४. | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | • लैसअसास सम्बन्धी वनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैसअसासको शीर्षकमा विनियोजन भएको बजेट समयमा नै खर्च गर्ने<br>• लैसअसासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधानहरु र प्रतिवद्दताहरुबारे कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरी कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने । |
| ५. | वडा समिति | • वडातहको लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने ।<br>• योजना छनोट प्रकृयामा महिला तथा लक्षित |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने ।<br>• टोल स्तरमा लैसअसास सम्वन्धी सचेतना कार्यक्रम गर्ने । |
| ६. | इलाका प्रहरी कार्यालय | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पीडितलाई संरक्षण र दोषि उपर कार्वाहीका लागि आवश्यक कार्य गर्ने । |
| ७ | नागरीक समाज (बाल क्लव, युवा क्लव, आमा समुह, गैर सरकारी संघ संस्थाहरु, महिला मानव अधिकार रक्षक सञ्जाल, संचारकर्मी) | • महिला तथा बञ्चितिकरणमा परेका समूहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक विभेद तथा कुरिती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने |
| ८. | सहकारी संघ संस्थाहरु | • महिला, अपांगता भएका व्यक्ति तथा वञ्चितिकरणमा परेका समूहहरुका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुर्याउने<br>• महिला तथा विपन्न समूहको उधमशिलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने<br>• उधमशीलता विकासको लागि लगानी गरी उत्पादित बस्तुको बजारिकरणको व्यवस्था गर्ने |
| ९. | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्द आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रदायक निकाय, संघसंस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने |
| १०. | जिल्ला प्रहरी कार्यालय/ जिल्ला प्रशासन कार्यालय | • हिंसा पीडितको उजुरी लिने<br>• पीडितको संरक्षण गर्ने<br>• घटनाको अनुसन्धान गरी प्रमाणको आधारमा आरोपीत विरुद्ध अदालतमा मुद्दा दर्ता गर्ने |
| ११. | जिल्ला अदालत | • हिंसा पीडितलाई न्याय दिने<br>• वाल, महिला तथा नागरिक अधिकारको रक्षा गर्ने |
| १२. | मेलमिलापकर्ता | • वडास्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने विवादलाई न्यायीक समिति तथा अन्य निकायमा सिफारीश गर्ने । |

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

## २.४ सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषण

| सबल पक्षहरु | सुधार गर्नुपर्ने |
|---|---|
| • नगरपालिकामा महिला, अपांगता भएका व्यक्तिहरु, वालवालिकाको शीर्षकमा बजेट विनियोजन भएको ।<br>• महिला हिंसा, घरेलु हिंसा तथा अन्य हिंसाका पीडितलाई संरक्षण गरी पुनउत्थानको लागि "लैङ्गिक हिंसा निवारण कोष कार्यविधि" सञ्चालनमा रहेको।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई शारीरिक अवस्थाको आधारमा परिचय पत्र र सहुलियत कार्यक्रम।<br>• ज्येष्ठ नागरिक सम्मान कार्यक्रम ।<br>• वार्षिक नीति तथा योजनामा लैसअसास सम्वन्धि विषयहरु समावेश भएको ।<br>• नीतिमा महिला किशोरी वालिका लगायत लक्षित बर्गमा हुने विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान भएको।<br>• नगरपालिकाले गठन गर्ने उपभोक्ता समिति, विषयगत समिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व रहेको।<br>• महिला विरुद्ध हुने सवै प्रकारका हिंसा विरुद्धका कार्यक्रमका लागि बजेट विनियोजन गरेको।<br>• नगरपालिका भित्रको सरकारी विद्यालयहरुमा छात्रा तथा महिला मैत्री शौचालय।<br>• सुत्केरी तथा गर्भवती महिलालाई पोषण युक्त कार्यक्रम।<br>• गरिब तथा विपन्न परिवारका बालबालिकालाई निशुल्क झोला, पुस्तक तथा पोशाक वितरण तथा दिवा खाजाको व्यवस्थापन।<br>• स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा आएको ।<br>• अपांगता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६ लाई नेपालले अनुमोदन गरेको ।<br>• अपांगता भएका व्यक्तिहरुको | • नगरपालिकामा निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरुको लैसअसास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैससास मैत्री बनाउन लैसअसास कार्यान्वयन समिति सक्रिय हुनुपर्ने ।<br>• पदाधिकारी तथा कर्मचारीहरुले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालीमलाई निरन्तरता दिनुपर्ने ।<br>• लैसअसास हेर्ने छुट्टै इकाइ गठन हुनु पर्ने ।<br>• संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९, अपागता भएका व्यक्ति सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, २००६ मा उल्लेख भए अनुरुपका प्रतिवद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन भएको छैन ।<br>• योजना तथा बजेट तर्जुमा प्रकृयामा महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराई त्यस वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको आधारमा योजना तथा कार्यक्रमको छनौट गर्ने ।<br>• महिला, बालबालिका तथा जेष्ट नागरिक शाखामा विकास शाखामा दक्ष र यथेष्ट जनशक्ति हुनुपर्ने ।<br>• समिति, उपसमिति तथा कार्यदलमा प्रतिनिधित्व गर्ने महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गको क्षमता विकास गरी अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्ने ।<br>• नगरपालिकाको सबै संरचनाहरु अपाङ्गता मैत्री, महिला तथा बाल मैत्री बनाउनु पर्ने ।<br>• लैसअसासको लागि आवश्यक खण्डिकृत तथ्यांक सङ्कलन र अभिलेखिकरण गर्नुपर्ने ।<br>• महिला हिंसा, घरेलु हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपूर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु गर्नु पर्ने ।<br>• महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु गर्नुपर्ने ।<br>• बेरोजगार युवाहरुको पहिचान गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिनुपर्ने । |

नगर प्रमुख

| | |
|---|---|
| अधिकारसम्बन्धी ऐन, २०७४, नियमावली २०७७ र अपांगता भएका व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०८० लागु भएको ।<br>• संविधान अनुसार अपांगता व्यवस्थापन सम्बन्धी मुख्य जिम्मेवारी नगरपालिकाको भएको । | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लक्षित वर्गको सहभागिता लाई निरन्तरता दिनुपर्ने ।<br>• नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीलाई लैसअसास मैत्री बनाउनु पर्ने ।<br>• नगरपालिकाको सम्पूर्ण संरचनागत प्रणालीमा सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनु पर्ने ।<br>• स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रम निरन्तर हुनुपर्ने र लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति हुनु पर्ने ।<br>• स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनीक उर्जा, सुधारिएको चुलो, आदिको प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू संचालन हुनु पर्ने ।<br>• प्रजनन् स्वास्थ्य सम्वन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यान्वयन गरिनु पर्ने ।<br>• महिला हकहित र अधिकार सम्वन्धी बेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमूखीकरण गर्नु पर्ने । |
| **अवसरहरु** | **चुनौतीहरु** |
| • नगरपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार ।<br>• लैसअसासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु ।<br>• नगरपालिकाको बजेट सिमा निर्धारण समितिलाई लैसअसासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु ।<br>• महिला, पूरुष, यौनिक अल्पसंख्यक तथा आप्रवासी र रैथाने कामदार | • हानिकारक समाजिक मूल्य मान्यता र लैङ्गिक विभेदमा आधारीत हिंसा अन्त्य नहुनु ।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाति बीच व्यवहारगत विभेद अन्त्य नहुनु ।<br>• ऐन, नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन हुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन नहुनु ।<br>• प्रदेश तथा संघीय सरकारका नीति कानूनहरु लैसअसास कार्यान्वयनमा पूर्ण सहयोगी हुन नसक्नु ।<br>• अपांगता भएका व्यक्तिहरुको व्यवस्थापनका लागि दक्ष जनशक्तिको अभाव हुनु । |

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

| | |
|---|---|
| विच श्रमको ज्यालामा विभेद गर्ने ऐन कानुनको व्यवस्था गरी लागु गर्न सक्ने । | |

## २.५ नगरपालिका र वडामा लैसअसासमा प्रमुख समस्या तथा सवालहरु

१. लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति नहुनु ।

२. नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा पदाधिकारीहरुको लैसअसास प्रति कम संवेदनशील रहनु ।

३. नगरपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको कम पहुँच रहनु ।

४. नगरपालिकाको सेवा प्रवाह संयन्त्र र प्रकृया लैसअसासमैत्री नहुनु ।

५. नगरपालिकाको योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु ।

६. दलित महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु ।

७. लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा नियमित रुपमा लैसअसास परिक्षण नहुनु ।

८. नगरपालिकाको लैसअसास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्को संकलन र अद्यावधिकको अभाव हुनु ।

९. नगरपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला तथा लक्षित वर्गको न्युन पहँच हुनु ।

## ३. रणनीतिको औचित्य वा आवश्यकता

जलेश्वर नगरपालिकाले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरण, सामाजिक कुसंस्कार बिरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला, अपांगता भएका व्यक्ति तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीति, योजना तथा कार्यक्रममा लैसअसासको अवधारणा अनुसार कार्यक्रमहरु गर्दै आएको छ तथापी यसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामुलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न नगरपालिकाको नीति निर्माण, बजेट तर्जुमा र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन आवश्यक छ । लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न यो रणनीति मार्गदर्शक हुनेछ ।

## ४. रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु

देहायका सिद्धान्तका आधारमा लैसुसास रणनीतिक योजना तर्जुमा गरिएको छः-

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

१. विभेदरहित (Non-discrimination): यो रणनीति कार्यान्वयनका सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन ।

२. सारभूत समानता (substantive equality): यो रणनीतिले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

३. कोही पछाडि नछुटुन् (leave no one behind): यस रणनीतिले दिगो विकास लक्ष्य अनुसार कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्वन गरेको छ।

४. अर्थपूर्ण प्रभावकारी सहभागिता (Meaningful Participation): यो रणनीतिले नगरपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जातजाती, क्षेत्र तथा समुदायको समावेशी समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

५. उत्तरदायित्व तथा जवाफदेहिता (Responsibility and Accountability): यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा नगरपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्वन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ ।

६. साझेदारीता र सहकार्य (Partnership and Collaboration): यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि लैसअसास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ ।

७. शून्य सहनशीलता (Zero Tolerance): यो रणनीतिले नगरपालिका भित्र हुने लैङ्गिक तथा तथा सबै प्रकारका विभेद र हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ।

८. कसैलाई पनि हानीं नपुर्याउने (Do No Harm): यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्वन गरेको छ ।

९. पहुँचयुक्तता (Accessibility): अपांगता भएका व्यक्तिहरुलाई अन्य व्यक्ति सरह भौतिक संरचना वा सेवा सुविधाहरुमा पहुँच सुनिश्चित गरिनेछ ।

## ५. रणनीति तर्जुमा विधि तथा प्रकृया

जलेश्वर नगरपालिकाको लैसअसास रणनीति नगरपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवाला बिच गरिएको परामर्शबाट तयार पारिएको हो । कार्यपालिकाका पदाधिकारीहरु र कर्मचारीहरुबाट नीति निर्माणमा अग्रणी भूमिका निर्वाह गरिएको छ । नगरपालिकाको लैसअसास रणनीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्वन गरिएको छ :-

(क) **दस्तावेज अध्ययन:** कार्यपालिकाबाट तोकिएका सदस्य तथा कर्मचारी र विज्ञ टोलीले नेपालको संविधान, १५ औं पन्चबर्षिय योजना, स्थानीय सरकार संचालन ऐनमा भएको लैसअसास सम्बन्धि प्रावधानहरु, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु, राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, राष्ट्रिय बालबालिका नीति, २०८०, अपाङगता भएका व्यक्ति

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

सम्बन्धी राष्ट्रिय नीति २०८०, स्थानीय सरकारको समावेशीकरण नीति २०७८, मधेस प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन आदि अध्ययन गरिएको थियो ।

(ख) **मुख्य सरोकारवालाबाट जानकारी** : नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा र न्यायिक समितिका साथै लैसअसासको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसंग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरिएको थियो ।

(ग) **परामर्श कार्यशाला:** नगर प्रमुख, उपप्रमुख सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समूहका प्रतिनिधिहरुको उपस्थितिमा १ दिने लैसाअसासको बारेमा छलफल गरिएको थियो । उक्त कार्यशालामा समुहगत छलफलबाट नगरपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो ।

(घ) **लक्षित वर्ग केन्द्रित छलफल:** कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यबाट प्राथमिकिकरणमा परेका तिन वटा लक्षित समुहहरुसँग (अपाङ्गता भएका व्यक्ति, दलित महिला) छलफल गरिएको थियो । समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी संकलन भएको थियो ।

(ङ) **मसौदा प्रस्तुतिकरण बैठक:** माथि उल्लेख भए बमोजिमका विधिद्वारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा नीतिबारे नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो ।

## ६. दिर्घकालिन सोच, लक्ष्य तथा उद्धेश्यहरु

**क दीर्घकालिन सोच:**

"न्यायपुर्ण र विभेदमुक्त, लैङ्गिक तथा समाजिक समावेशीयुक्त जलेश्वर नगरपालिका निर्माण गर्ने"

**ख ध्येय:**

सार्वजानिक जीवनमा जात, वर्ग, क्षेत्र, लिंग र अपांगताका आधारमा हुने गरेका विभेदहरुको अन्त्य गर्ने ।

**ग लक्ष्य:**

न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट वहिस्करणमा परेको वर्गलाई मुल प्रवाहमा ल्याउने ।

**घ उद्धेश्यहरु:**

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता, अपांगता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कामलाई लैसअसास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उद्धेश्यहरु निम्नानुसार रहेका छन:

Scanned with CamScanner

१. जलेश्वर नगरपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैसअसास मैत्री बनाउने।

२. महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गको सशक्तीकरण र सहभागिताको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने।

३. नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने।

४. महिला, बालबालिका, अपांगता भएका व्यक्ति विपन्न तथा पिछडिएको वर्गको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जवाफदेही हुनको साथै लैससास सम्बन्धी बुझाईमा एकरुपता कायम गर्न कर्मचारी तथा पदधिकारीहरुको क्षमता विकास गर्ने।

५. दिगो विकास र आर्थिक समृद्धिको लागि महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने।

६. राष्ट्रिय तथा अन्तराष्ट्रिय र सङ्घीय तथा प्रदेश सरकारको लैसअसास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु अनुरुपको दायित्व पुरा गर्ने।

## ६. रणनीतिहरु

जलेश्वर नगरपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी पद्दती स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्ने देहाय बमोजिमको लैससास मुलप्रवाहीकरण रणनीतिहरु अवलम्बन गरिने छ।

१. नगरपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुको पुनरावलोकन गरी लैसअसास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ। (उद्धेश्य १)

२. नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला, अपांगता भएका व्यक्तिहरु, लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, पदाधिकारी, कर्मचारी, सरोकारवाला, नागरिक समाज र लक्षित समुदायका सङ्गठनहरूको क्षमता विकास गरिने छ। (उद्धेश्य ४)

३. नगरपालिकाको योजना तर्जुमाका सबै चरणहरुमा महिला, अपांगता भएका व्यक्तिहरु, विपन्न, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत उत्पीडनमा परेका व्यक्ति तथा समूहहरुलाइ अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ। (उद्धेश्य २)

४. लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, अपांगता भएका व्यक्तिहरु तथा पिछडिएका वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ। (उद्धेश्य २)

५. नगरपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला, अपांगता भएका व्यक्तिहरु तथा लक्षित वर्गलाई समान अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका

नगर प्रमुख

साथै विकासको समान प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ। (उद्धेश्य ५)

६. नगरपालिकाको नीति तथा कार्यक्रम मार्फत महिला, एकल महिला, अपांगता भएका महिला, गर्भवती तथा सुत्केरी महिला, घरेलु तथा सामाजिक हिंसा पिडीत महिला, किसोरी, बालबालिका, अपांगता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, दलित, विपन्न, यौनिक तथा लैगिक अल्पसंख्यकहरुको सामाजिक सशक्तिकरण गर्न, जिविकोपार्जनमा सहयोग गर्न र सबै प्रकारका हिंसा र कुसंस्कार अन्त्य गर्न निर्दिष्ट कार्यक्रमहरु तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनको लागि यथेष्ट बजेट विनियोजन गरिने छ। (उद्धेश्य १, ३ र ६)

७. **लैसअसास रणनीति कार्यान्वयनको लागी कार्ययोजना**

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु (कति पटक वा कतिवटा) | समयावधि ( कहिले गर्ने महिना वा साल) | लक्षित समुह ( कार्यक्रम वा क्रियाकलाप हरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|
| १. नगरपालिकामा तर्जुमा भएका नीति,कानून, निर्देशिका, आवधिक योजना, तथा मापदण्डहरुको पुनरावलोकन, संशोधनका साथै लैसअसास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ।<br><br>(रणनीति १) | • लैसअसासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने। | आ.व ०८२/०८३ सम्म | नगरपालिकाको सबैको लागि | लैसअसास कार्यान्वयन समिति |
| | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्न कार्यटोली गठन गरी क्षमता विकास गर्ने | आ.व ०८२/०८३ सम्म | पदाधिकारी तथा कर्मचारी | लैसअसास कार्यान्वयन समिति |
| | • नगरपालिकाको विद्यमान ऐन, नीति, कार्यविधि, आवधिक योजना तथा मापदण्डहरुको लैससास दृष्टिकोणले पुनरावलोकन र आवश्यकता अनुरुप संशोधन गर्ने। | आ.व ०८२/०८३ सम्म | नगरपालिकाको सबैको लागि | लैसअसास कार्यान्वयन समिति |
| | • नगरपालिकाले लैस असास कार्यान्वयन समिति तथा वडा तहमा वडा स्तरीय समिति गठन गरी ती | आ.व ०८२/०८३ सम्म | नगरपालिकाको सबैको लागि | महिला विकास शाखा |

सुरेश साह
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | समितिहरुको जिम्मेवारी तथा अधिकारहरु स्पष्टसंग निर्क्योल गरी परिचालन गरिने छ। | | | |
| | • नगरपालिकामा कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि निर्माण गर्दा महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गको सुझाव संकलन गर्न व्यवस्था गर्ने। | आ.व ०८२/०८३ सम्म | न.पा. सबै | लैसअसास कार्यान्वयन समिति |
| | • महिला, अपांगता भएका व्यक्ति , बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोजन गर्ने। | आ.व ०८२/०८३ सम्म | महिला, अपांगता भएका व्यक्ति तथा पिछडीएका वर्गका लागि | बजेट सिमा निर्धारण समिति |
| | • नगरपालिकाले तयार गर्ने नीति, कानून, योजना तथा बजेटमा महिला तथा लक्षित वर्गको आवश्कता पहिचान गरी ती आवश्यकताहरुलाई सुनिश्चितताका साथ सम्बोधन गरिने छ। | आ.व ०८२/०८३ सम्म | महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्ग | लैससास कार्यान्वयन समिति |
| २. नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला, अपांगता भएका व्यक्तिहरु, लक्षित | • आवधिक योजना र वार्षिक विकास कार्यक्रममा लैङ्गिक समानता तथा समावेशी विकासका लागि नीति, रणनीति, कार्यक्रम र सोको | आ.व ०८२/०८३ सम्म | महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्ग | योजना शाखा महिला तथा बालबालिका शाखा |

नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, पदाधिकारी, कर्मचारी, सरोकारवाला, नागरिक समाज र लक्षित समुदायका सङ्गठनहरूको क्षमता विकास गरिने छ।<br><br>(रणनीति २) | मापनयोग्य लक्ष्य समावेश गर्ने | | | |
| | • महिला, अपांगता भएका व्यक्ति तथा लक्षित बर्गलाई आफ्नो हक अधिकार, पैरवी तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने। | आ.व ०८२/०८३ देखि निरन्तर | महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्ग | महिला तथा बालबालिका शाखा/प्रशासन शाखा |
| | • बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पुर्व समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छुट्टा छुट्टै छलफल गरी आवश्यकता पहिचानको आधारमा योजना छनौट गर्ने। | आ.व ०८३/०८४ देखि निरन्तर | महिला तथा लक्षित वर्ग | महिला विकास शाखा, योजना शाखा |
| | • नगरपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता गराई लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकतामा राख्ने। | आ.व ०८२/०८३ देखि निरन्तर | महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्ग | महिला विकास शाखा, योजना शाखा |
| | • नगरपालिकास्तर, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला तथा लक्षित समुदायको ४०% प्रतिनिधित्व हुने व्यवस्था गर्ने। | आ.व ०८३/०८४ देखि निरन्तर | महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्ग | महिला तथा बालबालिका शाखा<br><br>योजना शाखा, प्रशासन शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गका प्रतिनिधिलाई योजना व्यवस्थापन तथा वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने । | आ.व ०८२/०८३ देखि | महिला, अपांगता भएका व्यक्ति तथा लक्षित बर्गका प्रतिनिधीहरु | प्रशासन शाखा तथा महिला तथा बालवालिका शाखा |
| | • लैसअसाको विषयलाई अगुवाई गर्न र सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैसअसासको स्रोत व्यक्तिहरु विकास गर्दै जाने । | आ.व ०८२/०८३ देखि | नगरपालिकाका सबै | प्रशासन शाखा/ पञ्जिकरण शाखा |
| | • लैसअसास सम्वन्धी विस्तृत खण्डकृत तथ्याङ्क तयार गर्ने र नियमित अध्यावधिक गर्ने । | आ.व ०८२/०८३ देखि | नगरपालिकाका सबै | प्रशासन शाखा |
| | • नगरपालिकामा कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने कर्मचारी भर्ना नियमावली तयार गरी कार्यान्वयन गर्ने । | आ.व ०८२/०८३ देखि | महिला, अपांगता भएका व्यक्ति तथा पिछडिएका वर्ग | सुचना प्रविधि शाखा |
| | • नगरपालिकाको योजना तर्जुमा तथा छनोट भएका योजनाको जानकारी लक्षित वर्ग सम्म पुर्याउन स्थानीय सञ्चारका माध्यमवाट संम्प्रेषण गर्ने। | निरन्तर | महिला, अपांगता भएका व्यक्ति तथा पिछाडिएका वर्ग | |

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३. नगरपालिकाको योजना तर्जुमाका सवै चरणहरुमा महिला, अपांगता भएका व्यक्तिहरु, विपन्न, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत उत्पीडनमा परेका व्यक्ति तथा समूहहरुलाइ अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।<br><br>(रणनीति ३ र४) | • नगरपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण कार्यविधि वनाई कार्यन्वयन गर्ने | आ.व ०८२/०८३ देखि | महिला तथा पिछडिएका वर्ग | महिला तथा बालबालिका शाखा |
| | • अघिल्लो आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई चालु आ.ब पहिलो चौमासीक भित्रमा लैसअसास दृष्टिकोणले परीक्षण गरिने छ। | आ.व ०८२/०८३ देखि | न.पा सबै | महिला तथा बालबालिका शाखा |
| | • लैङ्गिक उत्तरदायी बजेट तथा योजनालाई नगरपालिकाले आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्ने। | आ.व ०८२/०८३ देखि | न.पा सबै | महिला विकास शाखा |
| | • नगरपालिकाको योजना शाखाका कर्मचारी तथा लैसअसास क्षेत्रका सरोकारवालालाई लैङ्गिक उत्तरदायी योजना छनौट तथा बजेट कार्यान्वयन विधि सम्बन्धी क्षमता विकास गरिने छ। | आ.व ०८२/०८३ देखि | न.पा सबै | प्रशासन शाखा |
| ४. नगरपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला, अपांगता भएका व्यक्तिहरु तथा | • नगरपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवार, बेरोजगार युवा, वैदेशीक रोजगारीबाट | आ.व ०८२/०८३ देखि | विपन्न तथा गरिव परिवार | पंजीकरण शाखा |

सुरेश साह सोनार
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| लक्षित वर्गलाई समान अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको समान प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ । (रणनीति ५) | फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने । | | | |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारका परम्परागत सीप, व्यवहारीक सीप र क्षमताको अध्ययन तथा पहिचान गर्ने । | आ.व ०८३/०८४ देखि | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला तथा बालबालिका शाखा , उद्यशिलता सहजकर्ता |
| | • महिला, अपांगता भएका व्यक्ति तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सीप विकास, नेतृत्व विकास, उद्यशिलता विकास तालिम, बैङ्क तथा वित्तिय कारोवार सम्बन्धी शिक्षा साथै आधारभुत कानूनी क्षमता विकास गर्ने । | आ व ०८३/०८४ देखि | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला तथा बालबालिका शाखा, उद्यशिलता सहजकर्ता |
| | • उद्यशिलता तथा व्यवसाय संचालन गर्न आवश्यक रकम अनुदान तथा सहुलियत ऋण सहयोग गर्ने व्यवस्था गर्ने । | आ.व ०८३/०८४ सम्म | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्राथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला तथा बालबालिका शाखा, उद्यशिलता सहजकर्ता |
| | • नगरपालिकाको योजनामा महिला उद्यमशिलता तथा लक्षित वर्गको व्यवसाय प्रवर्द्दन गर्ने खालका कार्यक्रम तथा आवश्यक बजेटको विनियोजन गर्ने । | आ.व ०८२/०८३ देखि | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला तथा बालबालिका शाखा, योजना शाखा |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | • व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थालाई अनिवार्य लागु गर्ने ।<br><br>• व्यवसाय संचालन गर्ने लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवाको समुह तथा संजाल गठन गरी आफ्नो हक र आधिकरको लागि सरोकारवाला संग पैरवी गर्न क्षमता विकास गर्ने ।<br><br>• सिमान्तकृत समुदाय तथा बिपन्न परिवारका बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति कार्यक्रम संचालन गर्ने | आ.व ०८३/०८४ सम्म<br><br>आ.व ०८२/०८३ देखि<br><br>आ.व ०८२/०८३ देखि | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्राथमिकिकरणमा परेका लक्षित वर्ग सबै<br><br>व्यवसाय गर्ने सबै<br><br>विपन्न तथा पिछडीएका समुदायका महिला | महिला तथा बालबालिका शाखा, उद्यमशिलता सहजकर्ता<br><br>महिला तथा बालबालिका शाखा<br><br>महिला तथा बालबालिका शाखा/प्रशासन शाखा |
| नगरपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कनलाई लैसअसास मैत्री बनाउन कर्मचारी, पदाधिकारी ,सरोकारवाला तथा नागरिक समाजहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धमा क्षमता अभिबृद्दी गरिने छ । | • नगरपालिकाले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने ।<br><br>• नगरपालिका स्तरमा लैसअसास सम्बन्धी मास्टर प्रशिक्षक उत्पादन गरि परिचालन गर्ने । | आ.व २०७९/८०<br><br>आ.व २०८२/८३ सम्म | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी<br><br>महिला तथा बालबालिका शाखाको कर्मचारी<br><br>सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | प्रशासन शाखा<br><br>प्रशासन शाखा<br><br>महिला तथा बालबालिका शाखा |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| (रणनीति २) | • कार्यालयमा हुन सक्ने विभेदपूर्ण व्यवहार, भाषाको प्रयोग र कार्यलयमा हुनसक्ने हिंसा नियन्त्रणको लागि शुन्य सहनशिलताको नीति बनाउने । | आ.व ०८२/०८३ देखि | महिला, अपांगता भएका व्यक्ति तथा लक्षित बर्गका प्रतिनिधिहरु | प्रशासन शाखा |
| | • कम अवसरको प्राप्ति र न्यून अनुभवको अधारमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व गर्ने पदाधिकारीलाई क्षमता विकासको लागि प्राथमिकतामा राख्ने । | आ.व ०८२/०८३ देखि | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधिकारी | महिला तथा बालबालिका शाखा |
| | • कर्मचारी पदाधिकारी तथा सरोकारवालालाई दिगो विकास लक्ष्य, वेईजिङ घोषणा पत्र, साथै लैसअसास सम्वन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु सम्वन्धी क्षमता विकास गरी त्यसको आधारमा कार्यक्रम गर्ने । | आ.व २०८२/८३ सम्म | | |
| | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गर्ने । | आ.व २०८२/८३ सम्म | न.पा का सबै सरोकारवाला | महिला तथा बालबालिका शाखा |

नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | • नगरपालिकाको अनुगमन समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, प्रभाव र असरको विश्लेषण गर्ने । | आ.व २०८२/८३ सम्म | अनुगमन समिति | प्रशासन शाखा/ योजना शाखा |
| | • नगरपालिकामा गठन हुने बालक्लव, आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैसअसास सम्बन्धी अभिमुखिकरण गर्ने | आ.व २०८२/८३ सम्म | महिला, बालक्लबका प्रतिनिधिहरु | महिला तथा बालबालिका शाखा |
| नगरपालिकाको नीति तथा कार्यक्रम मार्फत महिला, एकल महिला, अपांगता भएका महिला, गर्भवती तथा सुत्केरी महिला, घरेलु तथा सामाजिक हिंसा पिडीत महिला, किसोरी, बालबालिका, अपांगता भएका ब्यक्तिहरु, ज्येष्ठ नागरिक, दलित, विपन्न, यौनिक तथा लैगिक अल्पसंख्यकहरुको सामाजिक सशक्तिकरण गर्न, जिविकोपार्जनेमा सहयोग गर्न र | • नगरपालिका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिमाण र समाधानका उपायहरु बारे सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने। | आ.व २०८२/८३ सम्म | नगरपालिका सबै | महिला तथा बालबालिका शाखा |
| | • नगरपालिकाको पदाधिकारी/कमर्चारी लाई लैङ्गिक तथा समावेशी विकास, लैगिक हिंसा निवारण सम्वन्धी तालिम दिने र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने। | आ.व २०८२/८३ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |

साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| सबै प्रकारका हिंसा र कुसंस्कार अन्त्य गर्न निर्दिष्ट कार्यक्रमहरु तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनको लागि यथेष्ट बजेट विनियोजन गरिने छ । (रणनीति ६) | • नगरपालिका भित्रका सबै सरकारी कार्यलयहरुमा लैसअसास सम्पर्क व्यक्ति तोक्ने। | आ.व २०८२/८३ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • नगरपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा सामाजिक कुरीति उन्मुलन सम्वन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ । | निरन्तर | समुदायका सबै | सुचना शाखा |
| | • नगरपालिका भित्र कुन वर्ग, लिङ्ग समुदायका व्यक्तिहरु लैङ्गिक विभेदको जोखिममा छन सोको अध्ययन गरी स्थिति विश्लेषण गर्ने। | आ.व २०८२/८३ सम्म | हिंसा पिडित सबै | महिला तथा बालबालिका शाखा, वडा समिति |
| | • सबै वडाहरुमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका बारेमा पदाधिकारी, लैसअसास क्षेत्रमा कार्यरत समूह, सञ्जाल र संयन्त्रसंग समय समयमा समिक्षा गर्ने । | आ.व २०८२/८३ सम्म | हिंसा पीडित महिला समुह | वडा समिति |
| | • समुदाय तह देखि महिला हिंसा विरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने, कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा र सबैको | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला तथा बालबालिका शाखा,सुचना प्रविधि शाखा, नगर प्रहरी |

नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | पहुंचमा हुनेगरी प्रवाह गर्ने। | | | |
| | • हिसां मुक्त नगरपालीका र वडा घोषणा गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | आ.व २०८२/८३ | नगरपालिका सबै | लैसअसास कार्यान्वयन समिति, प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोच र व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला तथा बालबालिका शाखा |
| | • नगरपालीकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरुको गठन तथा परिचालन गरी लैङ्गिक विभेद तथा हिसा नियन्त्रणका लागि सो संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला तथा बालबालिका शाखा |
| | • लैङ्गिक हिंसामुक्त नगरपालिका घोषणा गर्ने । | आ.व २०८२/८३ सम्म | न.पा. सबै | नगरसभा |

सुरेश साह सोनार
नगर प्रमुख

## ८. रणनीतिको कार्यान्वयनका लागि संस्थागत व्यवस्था

लैसअसास रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ :-

**८.१. नगरस्तरीय लैसअसास कार्यान्वयन समिति** :नगरपालिकास्तरीय लैसअसास कार्यान्वयन समितिको गठन यस प्रकार छ :-

(क) नगरपालिकाका प्रमुख - संयोजक

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना - सदस्य

(च) सामुदायिक सघंसंस्थाहरुमध्येबाट अपाङ्गता समेतको समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना -सदस्य

(छ) नगरपालिकाका लैससास हेर्ने शाखा प्रमुख - सदस्य सचिव

**८.२ नगरस्तरीय लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) लैसअसास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

(ख) नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैसअसासको विषयवस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने ।

(ग) लैसअसास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।

(घ) योजना तथा बजेट तर्जुमा गर्दा लैसअसासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने ।

(ङ) लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने ।

(च) लैसअसास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

(छ) लैसअसास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने

नगर प्रमुख

Scanned with CamScanner

(ज) उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

**८.३ वडास्तरीय लैसअसास कार्यान्वयन समिति :** लैसअसास सम्बन्धी सबै किसिमका कार्यक्रमहरु समुदाय स्तरसम्म पु-याउन प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैसअसास कार्यान्वयन समिति गठन गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | -संयोजक |
| (ख) | वडा सदस्य (महिला र दलित महिला) | - २ जना सदस्य |
| (ग) | अपांगताको क्षेत्रमा कार्यरत समेत सामाजिक संघसंस्थाका प्रतिनिधि दुई जना | - सदस्य |
| (घ) | वडा सचिव | - सदस्य सचिव |

**८.४. वडास्तरको लैसअसास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) जलेश्वर नगरपालिकाको लैसअसास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैसअसास सम्वन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ख) नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

(ग) नगरपालिकाको वडातहको लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने ।

(घ) नगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका खेल्ने ।

(ङ) नगरपालिकाको वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैसअसास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

(च) उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

**८.५. बैठक, कार्यविधि र सेवा सुविधा**

(क) नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर अवश्यकता परेमा जहिले पनि बस्न सक्ने छ ।

(ख) वडा स्तरीय समितिको बैठक प्रत्येक २ महिनामा बस्ने छ ।

(ग) समिति र उपसमितिका बैठकहरूको कार्यविधि नगरपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ ।

साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

(घ) बैठकमा सहभागि भए वापत सहभागिको सेवा सुविधा नगरपालिकाको नियम बमोजिम हुनेछ ।

८.६ **सम्पर्क व्यक्ति:** नगरपालिकाले लैसअसासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैसअसासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाइनेछ।

## ९. लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन

### ९.१ आर्थिक स्रोत

लैसअसास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु जलेश्वर नगरपालिकाको प्रमुख दायित्व हुनेछ । नगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा नै लैसअसासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ । यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैसअसास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमका बेला यस शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ । लैससास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

### ९.२ मानवीय स्रोत

लैसअसास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवारी नगरपालिका स्तरीय लैसअसास कार्यान्वयन समितिमा रहने छ । यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ।विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन नगर स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ । नगरपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ । लैसअसास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कन

१. यस रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ :-

(क) नगरपालिका स्तरिय लैसअसास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि नगरप्रमुखको संयोजकत्वमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समितिका संयोजक र नगरप्रमुखले मनोनयन गरेको एकजना सदस्य रहने गरी ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ ।

(ख) अनुगमन समितिमा लैसअसास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्तिलाई आमन्त्रिका रुपमा समावेश गरिनेछ ।

जलेश्वर नगरपालिका नगर कार्यपालिका ... नेपाल २०७३

सुरेश साह सोनार
नगर प्रमुख

Scanned with CamScanner

(ग) लैसअसास रणनीतिले लिएको ध्येय, लक्ष्य, उद्धेश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्न गरिने छ ।

(घ) अनुगमन र मुल्याङ्न टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई पनि सहभागी गराईनेछ ।

२. अनुगमन तथा मुल्याङ्नलाई प्रभावकारी बनाउन देहाय बमोजिम समयतालिका र जिम्मेवारी निर्धारण गरिएको छ :-

| अनुगमन तथा मुल्याङ्न विधि | समयावधि | जिम्मेवारी |
|---|---|---|
| वार्षिक प्रगती समिक्षा | प्रत्येक वर्ष | सम्वन्धित् शाखा |
| वार्षिक कार्ययोजना निर्माण | प्रत्येक वर्षको वैशाख मसान्त भित्र | सम्वन्धित् शाखा र नगरस्तरीय कार्यान्वयन समिति |
| लैसअसास तथ्यांक अद्यावधिक | प्रत्येक वर्ष | सुचना प्रविधि शाखा, प्रशासन शाखा |
| वार्षिक स्थिती पत्र प्रकाशन | प्रत्येक वर्ष | नगरस्तरीय कार्यान्वयन समिति |
| रणनीति कार्यान्वयन सम्वन्धमा सार्वजनिक सुनवाई | प्रत्येक वर्ष | प्रमुख प्रशासकीय अधिकृत, सम्वन्धित् शाखा, वडा कार्यालय |

## ११. सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु

लैसअसास रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम तथा सो जोखिम न्यूनीकरणका उपायहरु इस प्रकार रहेका छन्:-

| क.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|---|
| १ | लैसअसास विषय नगरपालिकाको प्राथमिकतामा नपर्न सक्छ । | लैसअसासलाई प्रथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने । |
| २. | रणनीति कार्यान्वयन गर्न जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुन सक्छ । | सरोकारवाला बीचमा नियमित समन्वय बैठक राख्ने तथा नगरस्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरुको सहकार्यमा लक्षित समुदायका व्यक्तिहरुलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने । |
| ३. | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापनमा समस्या आउन सक्छ । | आवश्यक आर्थिक स्रोतको व्यवस्थापन नगरपालिकाले गर्नेछ।स्रोत व्यवस्थापनका लागि नगरपालिकाले सरोकारवाला निकायहरु,संघ/संस्थाहरु, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रसंग साझेदार र आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । |
| ४. | सामाजिक विभेद तथा भेदभावजन्य व्यवहार र प्रचलन अझै कायम रहेको । | समाजमा विद्यमान सबै प्रकारका विभेद तथा भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भईरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ।चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ। कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | अभ्यासहरुमा नगरपालिकाले शून्य सहनशीलताको नीति लिनेछ। |
| ५. | अपाङ्गता सम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयनमा अपनत्व नहुन सक्छ। | अपाङ्गता सम्बन्धी राष्ट्रिय नीतिलाई रणनीतिक कार्ययोजनामा समावेश गर्ने। |

## १२. रणनीति पुनरावलोकन र संशोधन

यस रणनीतिको कार्यान्वयन अवधि पाँच वर्ष रहनेछ। वार्षिक रुपमा कार्यपालिकाको बैठकमा प्रमुख प्रशासकीय अधिकृतबाट उपलब्धि प्रस्तुत भई त्यसमा छलफल हुनेछ। प्राप्त भएका उपलब्धि र चूनौतिहरुलाई दृष्टिगत गरी दुई वर्ष पछि नीति पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन समेत गरिनेछ।

Scanned with CamScanner